सामुदायिक विद्यालयहरूमा ट्राफिक सचेतना कक्षा

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर १५

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सामुदायिक विद्यालयहरूमा ट्राफिक सचेतना कक्षा सञ्चालन गर्ने भएको छ । प्रहरीले काठमाडौं महानगरपालिकासँगको समन्वयमा काठमाडौं महानगरपालिकाअन्तर्गतका ८९ ओटा सामुदायिक विद्यालयमा ट्राफिक सचेतना कक्षा दिन सुरू गरेको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरिक्षक राजेन्द्र प्रसाद भट्टले बालबालिकामा ट्राफिक सचेतना अभिवृद्धि गराउने उद्देश्यले कक्षा सञ्चालन गरिएको बताए । सचेतना कक्षामा बाटोमा हिँड्दा र वाटो काट्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू एवं सडक सुरक्षासम्बन्धी आधारभूत कुराहरू सम्बन्धमा जानकारी गराइनेछ । महानगरपालिकाअन्तर्गत रहेका सामुदायिक विद्यालयमा अध्यनरत बालबालिकालाई विद्यालयको एसेम्बलीको समयमा ट्राफिक नियम सम्वन्धी सचेतना कक्षामा सहभागी गराइने बताइएको छ । बिहीबार काठमाडौं नक्सालस्थित नन्दीरात्री माध्यमिक विद्यालय, केन्द्रीय बहिरा माध्यमिक विद्यालय, कमल आधारभूत विद्यालय, महाराजगञ्जस्थित शिवपुरी माध्यमिक विद्यालय र बानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा अध्ययनरत एक हजार नौ सय ३० जना बालबालिकालाई सचेतना कक्षा दिएको प्रहरीले जनाएको छ ।

क्षमताभन्दा बढी सामान बोक्ने सवारी कारबाहीमा

क्षमताभन्दा बढी सामान ढुवानी गर्ने ७५ वटा ट्रक र ट्रिपरलाई ट्राफिक प्रहरीले कारबाही गरेको छ । भक्तपुरको सल्लाघारी-जगाती सडकखण्डमा गरिएको रात्रिकालीन चेकिङका क्रममा सवारीसाधनको हद निर्धारण गरिएभन्दा बढी मालसामान राखिएका मालवाहक सवारीसाधनलाई कारबाही गरिएको प्रहरीले जनाएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्टका अनुसार कारबाहीका क्रममा ३२ वटा सवारीसाधनलाई यातायात व्यवस्था ऐन २०४९ बमोजिम जरिवाना गराइएको थियो भने ४३ वटा सवारीसाधनमा बढी भएको सामान हटाउन लगाइएको थियो । सवारीसाधनमा क्षमताभन्दा बढी सामान ढुवानी गर्दा सडक संरचनामा असर पुग्ने, साथै सवारीसाधन अनियन्त्रित भई दुर्घटना हुनसक्ने भएकाले क्षमताभन्दा बढी सामान ढुवानी नगर्न प्रहरीले आग्रह समेत गरेको छ ।

बम्पर गार्ड नहटाउने सवारीसाधन पनि कारबाहीमा

यस्तै प्रहरीले सवारीसाधनमा जडान गरिएको फलामको बम्पर गार्ड नहटाउने सवारीसाधनलाई समेत कारबाही गरेको छ । बम्परमा जडान भएका एयर ब्यागको सेन्सरले काम नगर्ने हुँदा चालक तथा यात्रुको ज्यान जोखिममा परेको साथै सवारी दुर्घटना हुँदा बम्फर गार्डका कारण पैदल यात्रुलाई बढी क्षति हुने भएकोले यसलाई हटाउन लागिएको प्रहरीले जनाएको छ ।

काठमाडौँ उपत्यकामा ट्राफिक प्रहरी कार्यालयले यसअघि नै मंसिर १४ गतेभित्र सवारी साधनमा राखीएको बम्फर गार्ड हटाउन निर्देशन दिइसकेको थियो । उक्त निर्देशन अवेज्ञा गर्नेलाई काठमाडौँ उपत्यका ट्राफिक प्रहरीले कारबाही गर्न थालेको हो । कार्यालयले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ३९ उपदफा १ अनुसार कुनै पनि सवारीसाधनको रङ्ग, स्वरूप, सिट संख्या, इन्जिन तथा चेसिस परिवर्तनको कसुरमा कारबाही गर्नेछ ।

तीन महिनामा प्राधिकरणले कमायो साढे आठ अर्ब

काठमाडौ मंसिर १५ । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा साढे आठ अर्ब रूपैयाँ बराबरको नाफा कमाएको छ । चालु आवको साउन, भदौ र असोजसम्मको वित्तीय विवरण (अपरिष्कृत) अनुसार, प्राधिकरणले यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट रू ३२ अर्ब ९८ करोड आम्दानी गरेको छ । आवको पहिलो तीन महिनामा २४ अर्ब ४८ करोड खर्च गरी प्राधिकरणले रू आठ अर्ब ५० करोड (करअघि) नाफा कमाएको हो ।

सूचनाको हकसम्बन्धी कानुनमा भएको व्यवस्थाबमोजिम सार्वजनिक गरिएको चालु आवको तीन महिनामा सम्पादित प्रमुख क्रियाकलाप समेटिएको विवरणअनुसार, प्राधिकरणले यस अवधिमा निजी क्षेत्रबाट रू १४ अर्ब १५ करोड बराबरको विद्युत् खरिद गरेको छ । आफ्नो स्वामित्वमा रहेका विद्युत्गृहबाट उत्पादित र निजी क्षेत्रबाट खरिद गरिएको विद्युत् देशभित्र बिक्री गरी खुद रू २२ अर्ब २० करोड आम्दानी भएको छ । देशभित्र खपत गरी बढी भएको विद्युत् भारतीय प्रतिस्पर्धी बजारमा बिक्री गरी आवको पहिलो तीन महिनामा छ अर्ब १७ करोड रूपैयाँ आम्दानी भएको छ । आव २०७२/७३ मा रू आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षमा निरन्तर नाफामा छ । आव २०७६/७७ मा रू ११ अर्ब ७५ करोड पुगेको प्राधिकरणको नाफा आव २०७७/७८ मा घटेर रू छ अर्ब नौ करोडमा सीमित भएको थियो । गत आव २०७८/७९ मा प्राधिकरणले नाफालाई बढाएर रू १६ अर्ब १६ करोड बराबर पुऱ्याएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रण, आन्तरिकरूपमा तथा भारतर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा भएको वृद्धि, खर्च नियन्त्रण लगायतले गर्दा चालु आवको पहिलो तीन महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले नाफाबाट प्राप्त रकमलाई विद्युत् खपत बढाउन, उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराउन प्रसारण र वितरणतर्फको पूर्वाधार विस्तार तथा सुदृढीकरणमा खर्च गरिएको उल्लेख गरे ।

चोरीको मोटरसाइकल सहित २ जना पक्राउ

काठमाडौं, मंसिर १५ । ट्राफिक प्रहरीले चोरीको मोटरसाइकलसहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले भक्तपुरको डोलेश्वरबाट बुधबार चोरीको दुईवटा मोटरसाइकलसहित दुई जनालाई नियन्त्रणमा लिएको थियो । काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका ३ घर भई हाल भक्तपुको डोलेश्वर बस्ने लोप्साङ तामाङ र सोही स्थानका आदर्श लामालाई क्रमशः प्रहरी वृत्त सिंहदरबार र महाराजगंज बुझाइएको हो । मकवानपुरको हेटौंडा उपमहानगरपालिका १६ बस्ने देवलाल थिङले थापाथलीस्थित राष्ट्रिय वाणिज्य बैंक पछाडिबाट वास्तविक नम्बर बागमती प्रदेश ०२-०२० प ०१ ३१ नम्बरको मोटरसाइकल र काठमाडौँकै टोखा नगरपालिका ३ बस्ने सुर्यलाल डङ्गोलले टोखा त्वापचास्थित पार्किङमा बास्तविक नम्बर बागमती प्रदेश ०२ -०२९ प २७ २१ नम्बरको मोटरसाइकल चोरी भएको भनि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा निवेदन दिएका थिए ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet
Road Division, Khalanga, Jumla

Notice for the Intent to accept theTechnical bid & Price Bid Opening

(Date of publication: **2079/08/16 (2nd Dec 2022)**

This is to notify to all the bidders who have submitted Technical and Price Bids for the following contracts as per following notice. Of all the received Technical and Price Bids, the Technical Bids of following Bidders succeeded Qualification Criterions and found to be substantially responsive. So, in accordance with the rule 31(e5) of Public Procurement Rules, 2064; following bidders are invited in Price Bid opening at Road Division, Jumla.

SN	Contract No.	Name of Work	Substantially Responsive Successful Bidders in Technical Bid Evaluation
1	RDJML/3370111 54/079/80-14	Road Upgrading works on Nagma - Gamgadhi Road Section (CH 32+000 - CH 38+500)	1. Thodung - Basana JV

Priced Bid opening of above-mentioned contracts is scheduled as below:
Date : 2079-08-26 (12th Dec 2022)
Time : 11:00 AM
Venue : Road Division Jumla, Khalanga

For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division, Jumla or PPMO Website:- www.bolpatra.gov.np/egp

Division Chief

Department of Roads, Bridge Branch, Project Implementation Unit

Notice of Intention to Accept Bids

(Date of publication: 2079/08/16 BS)

Pursuant to Clause 27, sub clause 2 and 3 of Public Procurement Act 2063 and ITB clause 39 of bidding documents, all the concerned bidders, who have participated in the bidding as per Notice no. 09/PCU/078/79, published in Nepal Samacharpatra on 2079/03/13 and 11/PCU/078/79, published in Arthik Rastriya Daily Newspaper on 2079/03/31 are notified that it is our intention to accept the bids for the contract packages as provided in the table below.

S.N.	Contract Identification No.	Qualified Bidder	Bid Amount with VAT and PS (NRs.)
1	BBPCU-DB-337011224-078/79-33	M/S Merina Construction Company Pvt. Ltd.	16,69,85,500/-
2	BBPCU-DB-337011224-078/79-39	**Bid Cancelled**	-
3	BBPCU-DB-337011224-078/79-40	M/S Indreni Nirman Sewa Pvt. Ltd., Pokhara	20,09,53,300/-
4	BBPCU-DB-337011224-078/79-42	M/S Himsagarmatha Construction Pvt. Ltd., Bharatpur	20,99,41,320/-
5	BBPCU-DB-337011224-078/79-45	M/S Shanti Nirman Sewa Pvt. Ltd., Bharatpur	30,64,84,000/-
6	BBPCU-DB-337011324-078/79-24(RE)	M/S Indreni Nirman Sewa Pvt. Ltd., Pokhara	12,80,57,000/-

Unit Chief

सडक डिभिजन तुम्लिङ्टार, संखुवासभा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९।०८।१६

यस कार्यालयको सूचना नं.03/RDTLR/079/080 मिति २०७९।०६।०४ मा bolpatra.gov.np/egp तथा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुको मूल्यांकन हुँदा तपसिलअनुसारको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कामको विवरण	कबोल रकम रु. (मू. अ. कर र PS बाहेक)
RDTLR/33701169/079/080-14	M/s Kashyap/ Prema/ R and RR JV, Dhankuta Municipality-5, Dhankuta.	Road construction and upgrading works along Gumba (Bhojpur)-Kot- Dipsa- Pandhare road (Ch:12+000 to 15+000),Bhojpur.	१,३८,२३,८८५.६०

डिभिजन प्रमुख

बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०७९/०८/१६)

हेटौंडा-१६, हटिया स्थित हेटौंडा क्याम्पसको शैक्षिक भवन निर्माण कार्यको लागि मिति २०७९/५/२६ गतेको आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा बोलपत्र सूचना नं. ०१/०७९/०८० प्रकाशित गर्दा मू.अ.करसहित रु.६९,३१,३८६।२० अक्षरेपी उनान्सत्तरी लाख एकतीस हजार तीन सय छयासी र पैसा बीस मात्र प्रस्ताव गर्ने सारभूतरुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित प्रस्तावक श्री सतगुण निर्माण सेवा, हेटौंडा-४ को बोलपत्र प्रस्ताव स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

हेटौंडा क्याम्पस
हेटौंडा, मकवानपुर,
फोन नं.: ०५७-५२०९७४

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०८/१६ गते

यस माछापुच्छ्रे बैंक लि. ढल्केवर शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पत्तिको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कमयम रहेको **न्यू नगिना किराना पसल** । प्रा.फ.र.नं. १३४६७/२२०/२०७६/०७७ दर्ता मिति : २०७६/०४/२३ पान नं. ६१०५६४९६१ दर्ता मिति : २०७६/०१/१० ठेगाना : मिथिला न.पा. वडा नं. ६, धनुषा **प्रोपाईटर : मेघ दास कथवनिया**	१. तिरपी दास कथवनियाको नाति, भोला दास कथवनियाको छोरा, धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना हाल भई मिथिला न.पा. वडा नं. ६, ढल्केवर बस्ने मेघ दास कथवनियाको नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ६ ख स्थित कि.नं. १९०८ को क्षेत्रफल ०-०-६-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित आदि सम्पूर्ण लिगलगापतहरु समेत । (**उल्लेखित सम्पत्ति ऋणी न्यू नगिना किराना पसलको नाममा धितो पारीत भएको**) । २. न्यू नगिना किराना पसलले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

व्यक्तिगत जमानतकर्ताहरु

१. मेघ दास कथवनिया
ना.प्र.नं. १७३०९६/१२०६, जि.प्र.का. धनुषा
जारी मिती : २०६३/१०/१३
बाबु : भोला दास कथवनिया
बजे : तिरपी दास कथवनिया
ठेगाना : मिथिला न.पा. वडा नं. ६, धनुषा

२. नगीना देवी दास
ना.प्र.नं. १७-०१-७६-०३९७२, जि.प्र.का. धनुषा
जारी मिती : २०७६/०२/३१
पति : मेघ दास कथवनिया
ससुरा : भोला दास कथवनिया, बाबु : खेहरु दास
ठेगाना : मिथिला न.पा. वडा नं. ६, धनुषा

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, ढल्केवर

उद्यमशीलता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Udhyamshilata Multipurpose Co-operative Limited
केन्द्रीय कार्यालय : काठमाडौं-१६, वनस्थली, फोन नं. ०१-५९०१४३०, Email : info.udhyamshilta@gmail.com

दोस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री शेयर सदस्य महानुभावहरु,
मिति २०७९/०८/१५ गते बसेको सञ्चालक समितिको ४ औं बैठकको निर्णयानुसार यस संस्थाको दोस्रो वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थित भइदिनु हुन सादर अनुरोध छ ।

सभा हुने मिति,समय र स्थान :
मिति : २०७९ साल पौष २३ गते शनिवार ।
स्थान : वनस्थली, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

छलफलका विषयहरु :
(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
(२) लेखा सुपरीवेक्षण समितिको आ.व. २०७८/०७९ प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
(३) आर्थिक वर्ष २०७८/०७९ को वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात,नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको लेखा विवरणहरु, निर्देशन) अनुसारका अन्य अनुसुचीहरु छलफल गरि पारित गर्ने ।
(४) आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक, सेवा सुविधाको शर्त निर्धारण गर्ने ।
(५) आर्थिक वर्ष २०७९/०८० को वार्षिक निती कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।
(६) संस्था एकीकरण सम्बन्धमा ।
(७) विनियम संशोधन तथा आन्तरिक कार्यविधिहरु पारित गर्ने ।
(९) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने ।
(१०) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कार्यकारी प्रमुख